# मिति २०८२/०४/०८ गतेको ५२ औं कार्यपालिका बैठकको निर्णयहरु

निर्णय नं.१ अगिल्लो कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यन्वयन अवस्था सन्तोषजनक पाईयो ।

निर्णय नं. २ माडी नगरपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची १५ मा रहेको व्यबस्था बमोजिम धार्मिक पर्यटकिय क्षेत्रमा लगाईएको शुल्क रसिदमा प्रवेश शुल्क छपाई हुन् गएकोमा सो को संसोधन गरी वैकुण्ठधाम र सोमेश्वरगढीको हकमा सरसफाई शुल्क उल्लेख गरी पुन रसिद छपाई गर्ने ।

निर्णय नं. ३ यस अघि आ.व. ०८१/०८२ मा कार्यरत सबै करार कर्मचारीहरुको आ.व.०८२/०८३ को लागि एक बर्षलाई म्याद थप गर्ने र आबश्यक जिम्मेवारी प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृत लाई अख्तियारी प्रदान गर्ने ।

निर्णय नं. ४ माडी नगरपालिकाको स्वीकृत नगर विकास योजना अनुसार आ.व. ०८२/०८३ को वार्षिक खरिद योजना तयार गर्ने एबं कार्यन्वयन कार्ययोजना तयार गरी कार्य सम्पादन गर्ने ।

निर्णय नं. ५ विपद व्यबस्थापनको पुर्व तयारीका सन्दर्भमा विपद जोखिम न्यूनीकरणका लागि विभिन्न क्षेत्रमा मनसुनजन्य प्रकोपले उत्पन्न हुन् सक्ने बाढीपहिरो रोकथाम गर्न अविलम्ब ग्याबिन जाली र ह्युपपाइप खरिद गर्ने ।

निर्णय नं. ६ चितवन राष्ट्रिय निकुन्ज भित्रको बाटोमा सहज आवतजावतको अबस्था सृजना गर्न सम्बन्धित निकायसँग समन्वय गर्नुका साथै झाडी सरसफाइको लागि ग्रास कटर खरिद गर्ने ।

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७२

प्रमुख प्रशासकीय अधिकृत

तारा कुमारी काजी महतो
नगर प्रमुख